फोन नं.:- ०५७-५२०४९५
फ्याक्स नं.:- ०५७-५२३८२२
ईमेल:-daomakawanpur@moha.gov.np
फेसबुक पेज:-www.facebook.com/daomakawanpur
वेबसाइट:-http://daomakawanpur.moha.gov.np/

नेपाल सरकार
गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय

मकवानपुर

पत्र संख्या:-०८३/८४
चलानी नम्बर:-

मिति:- २०८३-०८-०३
ने.सं.:- ११४७ कछलाथ्व १०, बिहीबार

हेटौडा-भैंसे-भीमफेदी-कुलेखानी हुँदै काठमाडौं जाने यात्रुवाहक सवारी साधनहरूले कान्तिलोकपथ प्रयोग गर्ने सम्बन्धी सूचना ।

मिति २०८३ मंसिर ४ गते शुक्रबार हरिबोधिनी एकादशीका दिन मकवानपुर जिल्ला, भीमफेदी गाउँपालिका वडा नं. १, त्रिखण्डीस्थित प्रसिद्ध त्रिखण्डेश्वर महादेव मन्दिर परिसरमा हरिबोधिनी एकादशी मेला जात्रा लाग्ने भएको र सो दिन मन्दिर क्षेत्रमा हुने श्रद्धालु भक्तजनहरूको भीडभाड एवं सो स्थानको साँघुरो/भिर बाटोको भौगोलिक जटिलतालाई मध्यनजर गर्दै यात्रुवाहक सवारी साधनहरूको सहज, सुरक्षित एवं व्यवस्थित आवागमन हेतु उक्त सडक खण्ड हुँदै काठमाडौं जाने यात्रुवाहक सवारी साधनहरूले मिति २०८३ मंसिर ४ गते आवत-जावतको लागि कान्तिलोकपथ सडक प्रयोग गर्नु, गराउनु हुन सम्बन्धित सबैमा अनुरोध एवं जानकारी गराइन्छ ।

२०८३।८।३

(शेषकान्त पौडेल)
सहायक प्रमुख जिल्ला अधिकारी